नेपाल सरकार
वन तथा भूसंरक्षण मन्त्रालय
वन विभाग

# सामुदायिक वन महाशाखा

**बबरमहल, काठमाण्डौं, नेपाल**

प.सं.:
च.नं.: ११८

मितिः २०७५/२/१०

**विषयः प्राकृतिक श्रोत उपभोग कर सम्वन्धमा ।**

**श्री जिल्ला वन कार्यालय**
**७४ वटै ।**

उपर्यूक्त सम्बन्धमा माईपोखरी नगरपालिकाले बिकी गर्ने काठमा १० प्रतिशतले प्राकृतिक स्रोत उपभोग कर लगाउने निर्णय गरेको सन्दर्भमा नेपाल सरकार (मा. अर्थमन्त्री स्तरको) मिति २०७४/१२/२३ को निर्णयको व्यहोरा उल्लेखित उक्त मन्त्रालयको च.नं. ७८२ मिति २०७५/१/२ को पत्र जानकारीका लागि यसैसाथ संलग्न राखिएको व्यहोरा अनुरोध छ ।

२/१०
.............
प्रकाश लम्साल
(सामुदायिक वन विकास अधिकृत)

सामुदायिक वन विकास अधिकृत

नेपाल सरकार

# अर्थ मन्त्रालय

(राजस्व व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।
मिति-२०७५।०१।०२

पत्र संख्याः- 2074/75 रा.व्य.म.30(2)
च. नं.:- 682

विषयः राय पठाइएको सम्बन्धमा।

श्री वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं।

माई पोखरी नगरपालिकाले विक्री गर्ने काठमा १० प्रतिशतले प्राकृतिक स्रोत उपभोग कर लगाउने निर्णय गरेकोले सो विषयमा आवश्यक राय उपलब्ध गराउनको लागि त्यहाँ मन्त्रालयको मिति २०७४/१२/०४ को पत्रबाट अनुरोध भई आएको विषय कारवाहीको लागि पेश हुँदा "नेपालको संविधानको धारा ६० को उपधारा(१) को प्रतिवन्धात्मक वाक्यांशमा 'साझा सूचि भित्रको विषयमा र कुनैपनि तहको सूचिमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने ब्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ' भन्ने ब्यवस्था रहेको छ। वनबाट विक्रि गरिने काठमा रोयल्टी(काठको बिक्रिमा कर) लगाउने विषय नेपालको संविधानको अनुसूचि ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा सूचिमा रहेको विषय भएको र साझा सूचिका विषयमा कर लगाउने र राजस्व उठाउने ब्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने संवैधानिक ब्यवस्था रहेको छ। त्यसैगरी, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को दफा ३ को उपदफा (६) बमोजिम रोयल्टी लगाउने र उठाउने तथा दफा ७ बमोजिम संघीय विभाज्य कोष खडा गरी सोही ऐनको अनुसूचि ४ बमोजिम रोयल्टी राजस्व संघ, प्रदेश र स्थानीय तहमा नेपाल सरकारले वार्षिक रुपमा बाँडफाँड गर्नेगरी ब्यवस्था गरेको छ।

उल्लेखित संवैधानिक एवम् कानुनी ब्यवस्थाका आधारमा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी (काठ वा वन पैदावार जसलाई अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को अनुसूचि ४ को क्र.सं. ३ वन भनी उल्लेख गरिएको छ) संघ, प्रदेश र स्थानीय तहको साझा सूचिमा रहेको विषय भएको र साझा सूचिका विषयमा कर लगाउने र राजस्व उठाउने ब्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने संवैधानिक ब्यवस्था रहेको एवम् अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी राजस्वलाई संघीय विभाज्य कोष खडा गरी संघ, प्रदेश र स्थानीय तहमा नेपाल सरकारले वार्षिक रुपमा बाँडफाँड गरिने उल्लेख भएकोले उल्लेखित स्पष्ट संवैधानिक एवम् कानुनी ब्यवस्था समेतका आधारमा माई पोखरी नगरपालिकाले गरेको निर्णय अनुरुप उक्त नगरपालिका क्षेत्रभित्रका सामुदायिक वनबाट विक्रि गरिने काठमा १० प्रतिशतका दरले प्राकृतिक स्रोत उपयोग कर असुल गर्न नमिल्ने" ब्यहोराको राय तहाँ प्रेषित गर्ने नेपाल सरकार(मा.अर्थमन्त्री स्तर) को मिति २०७४/१२/२३ को निर्णयानुसार अनुरोध छ।

वन तथा वातावरण मन्त्रालय
गो.व.नं.: .................. मितिः ..........
फा.द.नं.: 3938 मितिः 075/01/02
समयः..........................................

देवानन्द काफ्ले
(शाखा अधिकृत)

वोधार्थ
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय : राय बमोजिम कार्यान्वयन गर्ने गराउने ब्यवस्थाका लागि।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मु.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np